राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

**सच्याइएको**

यस पत्रिकाको २०८२ फागुन ११ गते सोमवार हुनुपर्नेमा अन्यथा भएकोले अगामी अंकलाई सच्याइएको छ।

सं.

वर्ष ७ अंक २०२ २०८२ फागुन १२ गते मंगलवार (24 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# वीरगन्ज र गौरमा कर्फ्यू हट्यो

## सद्भाव कायम गर्न सर्वपक्षीय सहमति

दैनिक समाचारदाता

जनकपुरधाम, ११ फागुन। वीरगन्ज (पर्सा) र गौर (रौतहट)मा उत्पन्न साम्प्रदायिक तनावपछि जारी गरिएको कर्फ्यू सोमबार हटाइएको छ। दुवै जिल्लामा बसेको जिल्ला सुरक्षा समिति तथा सर्वपक्षीय बैठकले शान्ति-सुरक्षा सुदृढ पार्दै सामाजिक सद्भाव कायम राख्ने निर्णय गरेका छन्।

वीरगन्जमा आइतबार दुई फरक धार्मिक समुदायबीच तनाव उत्पन्न भएपछि स्थानीय प्रशासनले कर्फ्यू जारी गरेको थियो। सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले तीन बुँदे निर्णय गर्दै अवस्था सामान्य बनाउने सहमति गरेको हो। बैठकमा सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रतिनिधि तथा हिन्दु-मुस्लिम समुदायका अगुवाहरू सहभागी थिए।

बैठकले वीरगन्ज-११ श्रीपुरमा आइतबार बेलुकी भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याउने, पीडित पक्षबाट जाहेरी लिई प्रक्रिया अगाडि बढाउने तथा दोषी पहिचानमा धार्मिक अगुवाहरूले समेत सहजीकरण गर्ने निर्णय गरेको छ। त्यस्तै, व्यक्तिगत घटनालाई धार्मिक रंग दिँदै सामाजिक सञ्जालमार्फत भड्काउने, दुष्प्रचार गर्ने वा हेट स्पिच प्रसारण गर्नेलाई साइबर कानुन तथा प्रचलित कानुनअनुसार कारबाही गरिने निर्णय गरिएको छ।

जसपा पर्साका अध्यक्ष तबरेज अहमदका अनुसार आगामी दिनमा धार्मिक तथा सामाजिक सद्भाव



सुदृढ पार्न नागरिक समाज, राजनीतिक दल, सञ्चारकर्मी र धार्मिक अगुवाहरूले आ-आफ्नो तहबाट संयमित अभिव्यक्ति दिन र विज्ञप्ति प्रकाशन गर्न सहमति जनाएका छन्।

पार्किङ विवादका कारण दुई समुदायका युवाबीच झडपको स्थिति सिर्जना भएपछि सम्भावित अप्रिय घटनालाई ध्यानमा राख्दै प्रशासनले अनिश्चितकालीन कर्फ्यू लगाएको थियो। सोमबार बिहान बसेको जिल्ला सुरक्षा समितिको बैठकले अवस्था सामान्य बन्दै गएको निष्कर्ष निकाल्दै कर्फ्यू हटाउने निर्णय गरेको हो।

यसैगरी, गौरमा पनि जारी कर्फ्यू हटाइएको छ। जिल्ला सुरक्षा समिति रौतहटको सोमबार बसेको बैठकले बिहान १० बजेदेखि कर्फ्यू हटाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले जानकारी दिनुभयो।

फागुन ९ गते दिउँसो १ बजेदेखि गौरमा कर्फ्यू लगाइएको थियो। यसअघि जिल्ला प्रशासन कार्यालय रौतहटले आइतबार राति सूचना जारी गर्दै कर्फ्यू सोमबार बिहान ६ बजेसम्म कायम रहने जनाएको थियो। सोमबार बिहानको सुरक्षा अवस्थाको विश्लेषणपछि कर्फ्यू हटाउने निर्णय गरिएको प्रशासनले जनाएको छ।

गौरमा पूर्वतर्फ मुडवलवा गेट, पश्चिममा लालबकैया बाँध, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालय क्षेत्रसम्म कर्फ्यू लागू गरिएको थियो। गत बिहीबार राति सबगढामा विवाहको जन्ती बाजा बजाउँदै आउँदा मस्जिद अगाडि अवरोध भएपछि विवाद चर्किँदै उग्र रूप लिन थालेपछि जिल्ला सुरक्षा समितिको निर्णयअनुसार कर्फ्यू आदेश जारी गरिएको थियो।

दुवै जिल्लामा स्थानीय प्रशासनले सर्वसाधारणलाई संयमित रहन, अफवाहमा विश्वास नगर्न तथा सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न अपिल गरेको छ।

# संविधान संशोधन आवश्यक छ- अध्यक्ष यादव



दैनिक समाचारदाता

भैरहवा ११ फागुन। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको वर्तमान राजनीतिक गतिरोध अन्त्यका लागि संविधान संशोधन आवश्यक रहेको बताए।

रूपन्देहीको भैरहवामा आज आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले वर्तमान संविधानले मधेशी, जनजाति, दलित तथा उत्पीडित समुदायका मुद्दालाई पूर्ण रूपमा सम्बोधन गर्न नसकेको धारणा राखे। उनले सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि पहिचानका आधारमा प्रदेशको सीमाङ्कन गरिनुपर्ने बताए।

अध्यक्ष यादवले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था र पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक रहेको बताए। वर्तमान प्रणालीले राजनीतिक अस्थिरता निम्त्याएको उनको आरोप थियो।

सो अवसरमा अध्यक्ष यादवले गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउँदै कूटनीतिक तथा प्राविधिक पहल तीव्र बनाउन आग्रह गरे।

उनले जनता समाजवादी पार्टीले सुरुदेखि नै मधेशको समस्याका बारेमा आवाज उठाउँदै आएको र सबै समस्या बुझेको पार्टी भएको बताए।

# जनप्रतिनिधिलाई निर्वाचन प्रचार प्रसारमा सहभागी नहुन आग्रह

दैनिक समाचारदाता

काठमाडौँ, ११ फागुन। निर्वाचन आयोगले स्थानीय तहका जनप्रतिनिधिलाई निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन आग्रह गरेको छ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आयोगले सो आग्रह गरेको हो। निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको विषय उल्लेख गर्दै आयोगले सो आचारसंहिताको पूर्णपालना गर्नु सरोकारवाला पक्षको दायित्व भएको स्मरण गराएको छ।

बाँकी ४ पृष्ठमा


## तनाव व्यवस्थापनका उपायहरु

- नियमित रूपमा ध्यान, योग र व्यायाम गरौँ
- परिवार र आफ्ना विश्वासिला साथीसँग खुलेर कुरा गरौँ।
- पर्याप्त निद्रा र आराम गरौँ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौँ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौँ।
- काम र विश्रामबीच सन्तुलन कायम गरौँ।

तनाव व्यवस्थापन गरौँ, स्वस्थ जीवन बाँचौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेश राजनीतिमा पुनः विखण्डनको संकेत

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा मधेश केन्द्रित राजनीतिक शक्तिहरू फेरि एकपटक अस्थिरता र पुनर्संरचनाको चक्रमा प्रवेश गरेका छन् । चुनावी सरगर्मी, घरदैलो अभियान, गठबन्धन र रणनीतिक समीकरणका बीच तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले जनता समाजवादी पार्टी, नेपाल सँगको सम्बन्ध विच्छेदको घोषणा गर्नु केवल संगठनात्मक निर्णय मात्र होइन, मधेश राजनीतिभित्र लामो समयदेखि सञ्चित असन्तोषको अभिव्यक्ति पनि हो ।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले जारी गरेको विज्ञप्तिमा पुस २७ गते सम्पन्न एकीकरण प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै राजनीतिक मर्यादा, आत्मसम्मान र संस्थागत मूल्यहरूको अवमूल्यन भएको आरोप लगाएका छन् । एकीकरणको केही समयमै यस्तो निर्णय आउनुले प्रश्न उठाउँछ–के मधेशवादी दलहरूबीचको एकता विचार, कार्यक्रम र दीर्घकालीन दृष्टिकोणमा आधारित थियो, कि चुनावी गणित मिलाउन गरिएको अस्थायी सहमति मात्र ?

विगत एक दशकको मधेश राजनीति हेर्दा विभाजन-एकीकरणको दोहोरिने श्रृंखला स्पष्ट देखिन्छ । मधेश आन्दोलनको ऐतिहासिक ऊर्जा र अधिकारको मुद्दा क्रमशः नेतृत्वगत द्वन्द्व, शक्ति-सन्तुलन र व्यक्तिकेन्द्रित राजनीति भित्र सीमित हुँदै गएको अनुभूति हुन्छ । एउटै एजेन्डा बोकेका दलहरू साना-साना टुक्रामा विभाजित हुँदा जनआकांक्षा कमजोर बन्दै गएको यथार्थ अस्वीकार गर्न सकिँदैन ।

तमलोपाको प्रारम्भिक एकता लोकतान्त्रिक समाजवादी पार्टी सँग भएको थियो । त्यसपछि लोसपा र जनता समाजवादी पार्टी, नेपाल बीच एकीकरण भयो । तर प्रक्रियागत सहभागिता र सम्मानजनक स्थान नपाएको गुनासो अहिले सार्वजनिक रूपमा व्यक्त भएको छ। यसअघि लोसपा, जनता प्रगतिशील पार्टी र तमलोपा एकीकृत हुने सहमति भए पनि कार्यान्वयन अधुरै रह्यो । यी घटनाक्रमहरूले मधेश राजनीतिमा 'एकीकरण' शब्दप्रति नै अविश्वास जन्माएको छ ।

राजनीतिक एकता केवल शीर्ष नेतृत्वको हस्ताक्षरमा सीमित हुनु हुँदैन । यदि तल्लो तहका कार्यकर्ता, क्षेत्रीय संरचना र समुदायको सहभागिताविना निर्णय गरिन्छ भने त्यसको स्थायित्व क्षणिक हुन्छ। संस्थागत प्रक्रियालाई बेवास्ता गर्दै गरिएका सहमतिहरू चुनावी मौसम सकिएपछि भत्किनु अनौठो होइन । यही प्रवृत्तिले मधेशवादी आन्दोलनको नैतिक आधार कमजोर पारिरहेको छ ।

तमलोपाले आफ्नो विज्ञप्तिमा मधेसी, थरुहट, आदिवासी-जनजाति, दलित, मुस्लिम लगायत सिमान्तीकृत समुदायको मुद्दा उठाइरहने प्रतिबद्धता जनाएको छ । गणतन्त्र, संघीयता र समावेशी लोकतन्त्रप्रति आस्था राख्ने उम्मेदवारलाई समर्थन गर्न आग्रह गर्दै आफूलाई व्यापक समावेशी आन्दोलनको निरन्तरता रूपमा प्रस्तुत गर्न खोजिएको देखिन्छ । तर प्रतिबद्धता मात्र पर्याप्त हुँदैन; त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने राजनीतिक इच्छाशक्ति पनि चाहिन्छ ।

यहाँ मूल प्रश्न उब्जिन्छ–विभाजित मधेशवादी शक्ति सुदृढ हुन्छ कि कमजोर ? विगतका निर्वाचन परिणामहरूले देखाएको छ कि एउटै मताधार विभाजित हुँदा केन्द्रीय दलहरू लाभान्वित हुने गरेका छन् । मधेशको मुद्दा राष्ट्रिय बहसमा प्रभावकारी ढंगले उठाउन सामूहिक शक्ति आवश्यक हुन्छ। यदि बारम्बारको विभाजनले जनविश्वास क्षीण बनायो भने त्यसको मूल्य मधेशका आम नागरिकले तिर्नुपर्नेछ ।

नेतृत्वको विश्वसनीयता अहिलेको सबैभन्दा ठूलो चुनौती हो । दल परिवर्तन, पुनः एकीकरण र पुनः विभाजनको क्रमले मतदातामा भ्रम र निराशा उत्पन्न गरेको छ। चुनावको मुखमा हुने यस्ता राजनीतिक समीकरणलाई मतदाताले अवसरवादको रूपमा हेर्ने जोखिम पनि उत्तिकै छ। लोकतन्त्रमा मतदाता अन्तिम निर्णायक हुन्छन्; उनीहरूको धैर्य र विश्वासलाई बारम्बार परिक्षामा राखिरहनु दीर्घकालीन रूपमा घातक हुन सक्छ ।

तमलोपाको यो कदमले तत्कालीन शक्ति-समीकरणमा केही हलचल ल्याउनेछ। तर दीर्घकालीन अर्थमा यसले मधेश राजनीतिलाई आत्ममूल्यांकन गर्ने अवसर पनि दिएको छ। यदि साँच्चै सिमान्तीकृत समुदायको प्रतिनिधित्व गर्ने दाबी गरिन्छ भने आन्तरिक लोकतन्त्र, पारदर्शिता, नीति-आधारित निर्णय र संस्थागत सुदृढीकरण अपरिहार्य छ। व्यक्तिकेन्द्रित राजनीतिबाट संस्थागत राजनीतितर्फ रूपान्तरण नगरेसम्म मधेश आन्दोलनको मूल आत्मा पुनर्जीवित हुन सक्दैन ।

अन्ततः, निर्वाचन केवल सिटको प्रतिस्पर्धा होइन; यो विचार, विश्वसनीयता र प्रतिबद्धताको परीक्षण हो । तमलोपाको अलगावले मधेशवादी राजनीतिलाई फेरि एकपटक आत्मपरीक्षणको दहलीजमा उभ्याएको छ । अब हेर्न बाँकी छ–यो विभाजनले नयाँ सम्भावनाको ढोका खोल्छ कि विखण्डनको पुरानै कथा दोहोरिन्छ। मधेशका मतदाताले यसपटक केवल दल होइन, राजनीतिक संस्कार र स्थायित्वको पक्ष रोज्ने अपेक्षा गर्न सकिन्छ ।

# मत परिवर्तनको सोचबिच उत्तरदायी नेतृत्वको खोजी



माधव ढकाल

नेपालको राजनीतिक इतिहास हेर्दा प्रत्येक निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र नभई जनताको आशा, निराशा र परिवर्तनको आकाङ्क्षाको अभिव्यक्ति पनि हो । पछिल्लो समय नेपाली राजनीतिमा मत परिवर्तन भन्ने बहस निकै बलियो रूपमा उठिरहेको छ ।

पुराना राजनीतिक दलहरूप्रति बढ्दो असन्तुष्टि र नयाँ राजनीतिक शक्तिहरूप्रति बढ्दै गएको आकर्षणले राजनीतिक वातावरणलाई नयाँ मोडतर्फ धकेलेको देखिन्छ । तर, के मत परिवर्तन मात्रले देशको दिशा परिवर्तन गर्न सक्छ वा परिवर्तनका लागि अझ गहिरो राजनीतिक तयारी आवश्यक छ ?

विगत केही वर्षदेखि पुराना दलहरूले अपेक्षित रूपमा देशलाई आर्थिक, सामाजिक तथा संस्थागत रूपमा अगाडि बढाउन नसकेको भन्ने धारणा समाजमा बलियो बन्दै गएको छ । विकास निर्माणको ढिलो गति, भ्रष्टाचारका आरोप, बेरोजगारी, महँगी तथा सेवा प्रवाहमा देखिएका समस्याले नागरिकमा निराशा पैदा गरेको छ ।

यही निराशालाई आधार बनाएर नयाँ राजनीतिक दलहरूले आफूलाई विकल्पका रूपमा प्रस्तुत गरिरहेका छन् । उनीहरूको मुख्य भाष्य भनेको, 'पुरानाले केही गरेनन्, अब नयाँले देश बनाउँछन्' भन्ने रहेको देखिन्छ ।

तर, लोकतान्त्रिक राजनीतिमा केवल आलोचना पर्याप्त हुँदैन, विकल्प विश्वसनीय हुनुपर्छ । नयाँ राजनीतिक शक्तिहरूले विगतका कमजोरी औँल्याए पनि ती कमजोरी सुधार्ने स्पष्ट नीति, संस्थागत संरचना र कार्यान्वयनको रोडम्याप प्रस्तुत गर्न नसकेको आलोचना पनि उत्तिकै सुनिन्छ ।

भ्रष्टाचार अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरिए पनि भ्रष्टाचार नियन्त्रणका लागि कानुनी सुधार, निगरानी संयन्त्र सुदृढीकरण, प्रशासनिक पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्ने विस्तृत योजना कमै सार्वजनिक भएको देखिन्छ। यसले मतदातामा उत्साहसँगै अन्योल पनि सिर्जना गरेको छ ।

नेपालको सबैभन्दा जटिल समस्यामध्ये एक युवा पलायन हो । शिक्षित तथा दक्ष युवा रोजगारीको खोजीमा बिदेसिन बाध्य भइरहेका छन् । राजनीतिक भाषणहरूमा देशमै अवसर सिर्जना गर्ने कुरा बारम्बार उठाइए पनि रोजगार सिर्जनासँग जोडिएका उत्पादनमुखी उद्योग, कृषि आधुनिकीकरण, प्रविधि आधारित उद्यम विकास गर्ने ठोस रणनीति देखिँदैन ।

कृत्रिम बुद्धिमत्ता र डिजिटल प्रविधिको प्रयोगबाट देशमै सम्भावना सिर्जना गर्न सकिने चर्चा बढे पनि त्यसलाई कार्यान्वयन गर्ने नीति, लगानी तथा पूर्वाधारबारे स्पष्ट दृष्टि आवश्यक देखिन्छ। त्यसैगरी शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधार विकास, महँगी नियन्त्रण तथा सामाजिक सुरक्षाजस्ता विषयहरू आम नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका मुद्दा हुन् ।

तर, निर्वाचन अभियानमा यस्ता विषयहरू गहिराइमा छलफलभन्दा बढी नारामुखी रूपमा प्रस्तुत हुने प्रवृत्ति बढ्दै गएको छ। संविधान, कानुन तथा नीतिगत संरचनामा के परिवर्तन आवश्यक छ र त्यसले नागरिकको जीवनस्तरमा कस्तो सुधार ल्याउँछ भन्ने विषयमा स्पष्ट बहस अझै अपर्याप्त छ ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको स्थानीय नेतृत्वको तयारी हो । कतिपय उम्मेदवारहरू आफ्नै निर्वाचन क्षेत्रको सामाजिक संरचना, आर्थिक सम्भावना, सांस्कृतिक पहिचान तथा पर्यटन अवसरबारे पर्याप्त जानकारीबिना मत माग्न पुग्ने अवस्थाले राजनीतिक संस्कारमाथि प्रश्न उठाएको छ। स्थानीय समस्याको गहिरो अध्ययन, तथ्यमा आधारित योजना तथा दीर्घकालीन विकास दृष्टिकोणबिना निर्वाचन जित्नु सम्भव भए पनि प्रभावकारी नेतृत्व स्थापित गर्न कठिन हुन्छ ।

लोकप्रियतावादमा आधारित राजनीति आज विश्वव्यापी चुनौतीका रूपमा देखिएको छ र नेपाल पनि त्यसबाट अछुतो छैन । सामाजिक सञ्जाल, डिजिटल प्रचार र भावनात्मक नाराले अल्पकालीन लोकप्रियता त दिलाउन सक्छ, तर राज्य सञ्चालनका लागि आवश्यक नीतिगत क्षमता, प्रशासनिक अनुभव र समन्वय कौशल अनिवार्य हुन्छ ।

केवल विरोधको राजनीति गरेर दीर्घकालीन समाधान सम्भव हुँदैन; समाधानमुखी दृष्टिकोण, सहकार्यको संस्कृति र संस्थागत स्थायित्व आवश्यक हुन्छ । मत परिवर्तन लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। जनताले विकल्प खोज्नु लोकतान्त्रिक चेतनाको सङ्केत पनि हो । तर, मत परिवर्तन भावनात्मक प्रतिक्रिया होइन, विवेकपूर्ण निर्णय हुनुपर्छ । मतदाताले दल वा व्यक्तिको लोकप्रियता मात्र होइन, नीति, कार्यक्रम, कार्यान्वयन क्षमता, आर्थिक दृष्टिकोण र राष्ट्रिय हितप्रतिको प्रतिबद्धता मूल्याङ्कन गर्न आवश्यक हुन्छ ।

नयाँ र पुराना राजनीतिक दलबीचको प्रतिस्पर्धा वास्तवमा देशका लागि सकारात्मक अवसर पनि हुन सक्छ, यदि त्यो प्रतिस्पर्धा नीति, सुशासन र विकासको गुणस्तरमा आधारित भयो भने । पुराना दलहरूले आत्ममूल्याङ्कन गर्दै सुधारको मार्ग अपनाउनु आवश्यक छ भने नयाँ दलहरूले पनि आलोचनाभन्दा अघि समाधान प्रस्तुत गर्ने क्षमता देखाउनुपर्छ ।

नेपालजस्तो विविधतापूर्ण समाजमा समावेशी सोच, राष्ट्रिय एकता, आर्थिक आत्मनिर्भरता र संस्थागत स्थिरता अत्यन्त महत्त्वपूर्ण छन् । परिवर्तनको नाममा अस्थिरता होइन, स्थायित्वसहितको सुधार आवश्यक हुन्छ । राजनीतिक शक्तिहरूले दीर्घकालीन राष्ट्रिय दृष्टि प्रस्तुत नगरेसम्म चुनावी उत्साहपछि पुनः निराशा दोहोरिने जोखिम रहिरहन्छ ।

अन्ततः, देशको भविष्य मत परिवर्तनले होइन, सोच परिवर्तनले निर्धारण गर्छ । जबसम्म स्पष्ट योजना, पारदर्शी शासन, उत्तरदायी नेतृत्व र कार्यान्वयनको दृढ प्रतिबद्धता प्रस्तुत हुँदैन, तबसम्म नयाँ वा पुराना कुनै पनि राजनीतिक शक्तिबाट अपेक्षित रूपान्तरण सम्भव हुँदैन ।

लोकतन्त्रमा जनता अन्तिम निर्णायक शक्ति हुन् । त्यसैले मत परिवर्तन गर्नुअघि नागरिकले भावनाभन्दा तथ्य, नाराभन्दा नीति र आश्वासनभन्दा कार्यान्वयन क्षमतालाई प्राथमिकता दिनु नै आजको सबैभन्दा आवश्यक राजनीतिक चेतना हो ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# यात्रा गर्दा वाकवाकी र बान्ता किन हुन्छ ?

गाडीमा यात्रा गर्दा वाकवाकी लाग्ने वा बान्ता हुने समस्या धेरै सामान्य हो। चिकित्सकीय भाषामा यसलाई मोशन सिकनेस भनिन्छ। यात्रा क्रममा किन यस्तो हुन्छ? यसमा दिमाग, आँखा र शरीरको सन्तुलनबीच कस्तो सम्बन्ध हुन्छ? के यसबाट बच्न सकिन्छ?




*मोशन सिकनेस के हो ?*

मोशन सिकनेस यस्तो अवस्था हो, जसमा यात्रा गर्दा व्यक्तिलाई चक्कर लाग्ने, बान्ता हुने, टाउको दुख्ने वा बेचैनी महसुस हुन्छ। यो समस्या प्रायः गाडी, बस, रेल, पानीजहाज वा हवाई यात्राका क्रममा देखिन्छ। विशेषगरी पहाडी बाटोमा धेरैलाई यस्तो समस्या बढी हुन्छ। गाडीमा हुने यो असहजता समुद्री वा हवाई यात्रामा हुने समस्यासँग मिल्दोजुल्दो हुन्छ।

दिल्लीस्थित सर गंगाराम हस्पिटल का वरिष्ठ परामर्शदाता डा. मोहसिन वलीका अनुसार यात्रा गर्दा दिमागले आँखा र कानबाट फरक-फरक संकेत प्राप्त गर्छ। यदि तपाईं बस वा कारमा बसेर किताब पढिरहनुभएको छ भने आँखा दिमागलाई "तपाईं स्थिर हुनुहुन्छ" भन्ने सन्देश दिन्छ। तर कानभित्र रहेको सन्तुलन प्रणालीले "शरीर चलिरहेको छ" भन्ने संकेत दिन्छ। यी विरोधाभासी संकेतका कारण शरीरलाई कुनै विषाक्त वस्तु भित्र पसेको जस्तो भ्रम हुन्छ र शरीरले त्यसलाई बाहिर निकाल्न बान्ता गराउँछ।

यसबाट बच्न झ्यालबाट टाढाको दृश्य हेर्नु उपयोगी मानिन्छ। यसो गर्दा आँखा र कानबाट आउने संकेत मिल्दोजुल्दो हुन्छन् र



समस्या कम हुन सक्छ।

सन् २०१५ मा द्यद्यत्रृ मा प्रकाशित एक रिपोर्टअनुसार हरेक तीनमध्ये एक व्यक्ति मोशन सिकनेसबाट प्रभावित हुन्छ। यो कसलाई कहिले हुन्छ भन्ने अनुमान गर्न गाह्रो हुन्छ र यसको निश्चित उपचार पनि छैन।

अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) की न्यूरोलोजी विभागकी डा. मञ्जरी त्रिपाठीका अनुसार हाम्रो शरीरको सन्तुलन प्रणाली (विशेषगरी कानभित्रको वेस्टिबुलर सिस्टम) ले ठीकसँग तालमेल गर्न नसक्दा मोशन सिकनेस हुन्छ। आँखा, कान र शरीरका अन्य भागबाट दिमागमा पुग्ने सूचना आपसमा नमिल्दा दिमागका केही भाग उत्तेजित हुन्छन्, जसका कारण चक्कर र बान्ता हुन्छ।

*यात्रा गर्दा बान्ता किन हुन्छ ?*

सबै व्यक्तिमा समस्या उस्तै हुँदैन। कसैलाई यात्रा सुरु भएलगत्तै असहजता हुन्छ भने कसैलाई लामो यात्रापछि मात्र समस्या देखिन्छ। उबडखाबड सडक, पहाडी बाटो, गाडीको निरन्तर झट्का र दुर्गन्धले समस्या बढाउन सक्छ।

डा. मोहसिन वलीका अनुसार दिमागभित्र रहेको तरल पदार्थ (फ्लुइड) हल्लिँदा त्यसको कम्पन घाँटी हुँदै टाउकोसम्म पुग्छ। यसले सन्तुलन बिगार्छ र मतली, चक्कर तथा बेचैनी गराउँछ। असह्य अवस्थामा बान्ता हुन सक्छ।

*पेटको अवस्थाले पनि असर गर्छ–*

*खाली पेट यात्रा गर्दाः* पेटसँग जोडिएको वेगस नर्भ बढी सक्रिय भई चक्कर आउन सक्छ।

*धेरै खाएर यात्रा गर्दाः* बान्ता हुने सम्भावना बढ्छ। त्यसैले यात्रा अघि हल्का खाना खान सल्लाह दिइन्छ।

बारम्बार यस्तो समस्या भएमा चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ, किनकि कहिलेकाहीँ यो अन्य गम्भीर रोग वा औषधिको साइड इफेक्टको संकेत पनि हुन सक्छ।

*बान्ता रोक्न के गर्ने ?*

- भारी भोजन नगर्ने
- खाली पेट यात्रा नगर्ने, हल्का खाना खाने
- चिकित्सकको सल्लाहअनुसार औषधि प्रयोग गर्ने
- चलिरहेको गाडीमा किताब वा मोबाइल नहेर्ने

*टाढाको दृश्य हेर्ने*

- शरीरलाई स्थिर राख्ने, अगाडितिर फर्किएको सिट रोज्ने
- धूम्रपानबाट टाढा रहने
- असहजता भएमा गाडी रोकेर आराम गर्ने
- हल्का र सुखद संगीत सुन्ने (अनुसन्धानले यसले मतली कम गर्न मद्दत गर्ने देखाएको छ)

*के महिलामा यो समस्या बढी हुन्छ?*

डा. मञ्जरी त्रिपाठीका अनुसार महिलामा मोशन सिकनेस पुरुषको तुलनामा बढी देखिन्छ। यसको कारण शारीरिक र हर्मोनल परिवर्तन हुन सक्छ।

डा. मोहसिन वलीका अनुसार महिलामा सामान्यतया रक्तचाप कम हुने, लामो समय उभिँदा रक्तचाप झर्ने (पोश्चरल हाइपोटेन्सन), महिनावारीका क्रममा शरीरमा नुन, पानी र इलेक्ट्रोलाइट सन्तुलनमा परिवर्तन हुने जस्ता कारणले समस्या बढ्न सक्छ। महिनावारीमा अत्यधिक रक्तस्राव भए रक्तचाप झनै घट्न सक्छ र चक्कर तथा बान्ता बढ्न सक्छ।


यसरी लो ब्लड प्रेसर, हर्मोनल परिवर्तन र शारीरिक संरचनासम्बन्धी कारणहरूले महिलामा मोशन सिकनेस केही बढी देखिन सक्छ। यदि यात्रा गर्दा बारम्बार बान्ता वा चक्करको समस्या देखिन्छ भने लापरबाही नगरी स्वास्थ्य परीक्षण गराउनु नै बुद्धिमानी हुन्छ। बीबीसीबाट

# धादिङ बस दुर्घटना : ९ मृतकको सनाखत

दैनिक समाचारदाता

काठमाडौं ११ फागुन । पृथ्वी राजमार्ग अन्तर्गत धादिङको बेनीघाट रोराङ गाउँपालिका-५ भैंसीगौडामा भएको बस दुर्घटनामा ज्यान गुमाएका १९ जनामध्ये ९ जनाको सनाखत भएको छ ।

जिल्ला प्रहरी कार्यालय धादिङ का अनुसार पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग २ ख १४२१ नम्बरको यात्रुवाहक बस सोमबार राति करिब १:३० बजे अनियन्त्रित भई सडकबाट झण्डै २०० मिटर तल त्रिशुली



नदी किनारमा खसेर दुर्घटनाग्रस्त भएको थियो। दुर्घटनामा अन्य १० जनाको पहिचान अझै खुल्न सकेको छैन ।

सनाखत हुनेमध्ये एक जना विदेशी नागरिकसमेत रहेका छन्। मृत्यु हुनेमा २४ वर्षीय बेलायती नागरिक स्टेवार्ट डोमिनिक इथान, कास्की पोखरा महानगरपालिका-३० का करिब ४० वर्षीय विवेक बास्तोला, स्याङ्जाको वालिङ घर भई हाल काठमाडौं नागार्जुन बस्ने ६३ वर्षीय चन्द्रबहादुर कुँवर, तनहुँ व्यास नगरपालिका-४ का ४० वर्षीय ओमकुमार मल्ल र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-४ का ३० वर्षीय इन्जिनियर ठकुरी रहेका छन् ।

त्यसैगरी तनहुँ शुक्लागण्डकी नगरपालिका-७ की ५५ वर्षीया विष्णुमाया ढकाल, काठमाडौं बौद्ध टुसालका ४२ वर्षीय लोपसाङ गोले, तनहुँ भिमाद नगरपालिका-६ का ४५ वर्षीय हरिप्रसाद सिग्देल र पाल्पा तानसेन नगरपालिका-२ का ५५ वर्षीय नवीन श्रेष्ठको पनि पहिचान खुलेको प्रहरीले जनाएको छ ।

पहिचान हुन बाँकी १० मृतकमध्ये ७ पुरुष र ३ महिला रहेका छन्। तीमध्ये एक पुरुषको राष्ट्रिय ट्रमा सेन्टर मा उपचारका क्रममा मृत्यु भएको हो ।

प्रहरीका अनुसार बसमा चालकसहित २९ पुरुष र १५ महिला गरी कुल ४४ जना सवार थिए। दुर्घटनाको खबर प्राप्त हुनासाथ नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट खटिएको गोताखोर टोली तथा स्थानीयको सहयोगमा उद्धार कार्य सुरु गरिएको थियो ।

दुर्घटनामा घाइते भएका २५ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। प्रारम्भिक उपचारका लागि उनीहरूलाई मलेखुस्थित राजमार्ग सामुदायिक अस्पताल, टिचिङ अस्पताल मलेखु र जिल्ला अस्पताल धादिङबेंसी लगिएको थियो। गम्भीर घाइतेलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ।

हाल १४ जनाको राष्ट्रिय ट्रमा सेन्टर, १० जनाको नेशनल मेडिकल कलेज र १ जनाको मलेखुस्थित टिचिङ अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनाको कारणबारे सूक्ष्म अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४

# निर्वाचन लक्षित महोत्तरीमा डिजे र मदिरा निषेध

दैनिक समाचारदाता
महोत्तरी,११ फागुन। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै महोत्तरीमा डिजे तथा मदिरा बिक्री-वितरणमा प्रतिबन्ध लगाइएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले छुट्टाछुट्टै सूचना जारी गर्दै निर्वाचन अवधिभर डिजे साउन्ड सिस्टम र मदिराजन्य पदार्थको बिक्री-वितरणमा रोक लगाइएको जानकारी सार्वजनिक गरेको हो।



चुनावी प्रचारप्रसारका क्रममा ग्रामीण तथा शहरी क्षेत्रमा चर्को आवाजमा डिजे बजाएर प्रचार गर्ने गुनासो बढेपछि उक्त कार्यमा प्रतिबन्ध लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी संजय पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार ध्वनि प्रदूषण नियन्त्रण गरी शान्ति-सुरक्षा कायम राख्न जिल्लाभर सार्वजनिक स्थान, जुलुस, ऱ्याली तथा आमसभामा डिजे साउन्ड सिस्टम, ठूला लाउडस्पीकर तथा ध्वनि प्रदूषण गर्ने उपकरण प्रयोग गर्न रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार प्रचारप्रसार तीव्र भएसँगै अत्यधिक ध्वनिका कारण विद्यार्थीको अध्ययनमा असर पुग्ने, ज्येष्ठ नागरिक तथा बिरामीको स्वास्थ्यमा समस्या देखिने तथा सामाजिक सद्भाव र शान्ति-सुरक्षामा प्रतिकूल प्रभाव पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै यस्तो निर्णय गरिएको हो।

जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार फागुन १० गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि डिजे प्रयोगमा प्रतिबन्ध लगाइएको छ। आदेशको उल्लंघन गरी डिजे साउन्ड सिस्टम प्रयोग गरेको पाइएमा सम्बन्धित उपकरण जफत गरिने र प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी प्रशासनले दिएको छ। यसैगरी, प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई सभ्य, सुव्यवस्थित, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निश्चित अवधिका लागि मदिरा बिक्री-वितरणमा पनि निषेध लगाइएको छ। फागुन १० गते जिल्ला प्रशासन कार्यालयमा राजनीतिक दलका प्रतिनिधि तथा सुरक्षा निकायका प्रमुखहरूको सहभागितामा सम्पन्न समन्वय बैठकको निर्णयअनुसार फागुन १४ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म मदिरा बिक्री-वितरणमा रोक लगाइएको सोमबार जारी सूचनामा उल्लेख छ।

निषेध अवधिभर महोत्तरी जिल्लाभर सबै प्रकारका मदिराजन्य पदार्थको बिक्री-वितरण तथा सार्वजनिक स्थानमा सेवन पूर्ण रूपमा निषेध गरिएको छ। सूचनाको उल्लंघन गरेमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने तथा सुरक्षा निकायबाट कडाइका साथ अनुगमन गरिने प्रशासनले जनाएको छ।

निर्वाचनको समयमा सार्वजनिक शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले चालिएको यस कदममा होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज तथा आम सर्वसाधारणबाट पूर्ण सहयोगको अपेक्षा गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताउनुभयो।

## बस दुर्घटना १५ घाइते

उदयपुर, ११ फागुन। मदन भण्डारी लोकमार्ग अन्तर्गत उदयपुरको उदयपुरगढी गाउँपालिका-७, अँधेरी जोगी टोलमा सोमबार बस दुर्घटना हुँदा १५ जना घाइते भएका छन्। कटारीबाट गाईघाटतर्फ आउँदै गरेको बा. २ ख. ६२५७ नम्बरको ओखलढुङ्गे बस अचानक ब्रेक फेल भई सडकबाट करिब ४० फिट तल खसेको हो।दुर्घटनामा घाइते भएकाहरूको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ। घाइतेमध्ये उदयपुरगढी-७ की ७३ वर्षीया सोममाया मगर र कटारी नगरपालिका-२ की ६० वर्षीया सोममाया परियारको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।घटना लगत्तै सशस्त्र प्रहरी बल नेपाल नं. ५ गण त्रियुगाबाट सशस्त्र प्रहरी नायब उपरीक्षक भुवन भण्डारीको कमान्डमा १३ जना र अस्थायी प्रहरी पोस्ट सङ्गमचोकबाट प्रहरी सहायक निरीक्षक तिलक पौडेलको नेतृत्वमा ६ जनाको संयुक्त टोली उद्धारमा खटिएको थियो।दुर्घटनाग्रस्त बस घटनास्थलमै छ भने चालक कटारी नगरपालिका-४ बस्ने ४५ वर्षीय विक्रम राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## बसभित्र च्यापिएका घाइतेको पाँच घण्टापछि जीवितै उद्धार

मलेखु (धादिङ), ११ फागुन। दुर्घटनाग्रस्त ग. २ ख. १४२१ नम्बरको बसभित्र च्यापिएका कृष्णराज मानन्धरलाई पाँच घण्टापछि जीवितै उद्धार गरिएको छ। गएराति धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, चरौँदीस्थित भैँसेगौडामा भएको बस दुर्घटनामा परेका ललितपुर इमाडोलका मानन्धरलाई उद्धार टोलीले पाँच घण्टापछि जीवितै उद्धार गर्न सफल भएको हो।



भिरमा बजारिएर कच्याक-कुचुक्क बनेको बसभित्रै च्यापिएका मानन्धरलाई बसको पार्टपुर्जा काटेर जीवितै बाहिर निकालिएको र उपचारका लागि काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमित खड्काले जानकारी दिनुभयो। पर्याप्त उद्धार सामग्रीको अभाव र अपठ्यारो स्थान भएकाले समयमा उद्धार गर्न कठिन भएको उहाँको भनाइ छ।

"मलाई बचाउनुहोस् भन्दै यात्रु चिच्याइरहेका थिए। हामीसँग तुरुन्तै बस उठाउन सक्ने वा काट्न सक्ने कुनै उपकरण थिएन। धेरै समय सान्त्वना दिएर राख्यौँ, जनेरेटरसहितको मेसिन लगेर बसको साइलेन्सर र पछाडिको टायरपट्टिको भाग काटेर मानन्धरलाई बाहिर निकाल्यौँ," प्रहरी उपरीक्षक खड्काले भन्नुभयो, "उपचारका लागि काठमाडौँ रिफर गरिएको छ, उहाँको अवस्था सामान्य नै देखिएको छ।"

पोखराबाट काठमाडौँ आउँदै गरेको माछापुच्छ्रे टुर्स एन्ड ट्राभल्सको ग. २ ख. १४२१ नम्बरको बस धादिङमा दुर्घटना हुँदा १७ जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको छ। घाइते २६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। मृतकको शव धादिङ अस्पताल र गजुरी स्वास्थ्य केन्द्रमा परीक्षणका लागि राखिएको छ। रासस

# संविधान जोगाउन कांग्रेस बलियो हुनुपर्छ : लेखक



दैनिक समाचारदाता
काठमाडौं, ११ फागुन। नेपाली कांग्रेसका नेता रमेश लेखकले वर्तमान अवस्थामा संविधान र लोकतान्त्रिक पद्धति संकटमा परेको टिप्पणी गर्नुभएको छ। सोमबार कञ्चनपुरमा आयोजित चुनावी कार्यक्रममा बोल्दै उहाँले उक्त संकट समाधान गर्न प्रतिनिधिसभामा कांग्रेसको बलियो उपस्थिति आवश्यक रहेको बताउनुभयो।

"अहिले संविधान संकटमा परेको छ, लोकतान्त्रिक पद्धति संकटमा परेको छ," लेखकले भन्नुभयो, "संविधानलाई सही मार्गमा ल्याउन र पद्धतिलाई सुचारु बनाउन अब बन्ने प्रतिनिधिसभामा नेपाली कांग्रेसको सशक्त उपस्थिति जरुरी छ।"निर्वाचन आउन अझै आठ-दस दिन बाँकी रहेको उल्लेख गर्दै उहाँले यस अवधिमा कार्यकर्ताहरूलाई जनताका घर-घरमा पुगेर वर्तमान अवस्थाबारे स्पष्ट जानकारी दिन र कांग्रेसका पक्षमा जनमत सिर्जना गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभयो।

"अहिलेको वास्तविक अवस्थाबारे जनतालाई सुसूचित गर्दै कांग्रेसका पक्षमा जनमत निर्माण गर्नु आवश्यक छ," लेखकले भन्नुभयो।

## दुर्गा प्रसाईंको रिटमा सक्कल फाइल झिकाउन सर्वोच्चको आदेश

दैनिक समाचारदाता
काठमाडौँ ११ फागुन। सर्वोच्च अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंको बन्दी प्रत्यक्षीकरण निवेदन मुद्दाको फाइल झिकाउन आदेश जारी गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी मेघराज पोखरेलको संयुक्त इजलासले महान्यायाधिवक्ताको कार्यालयबाट फाइल झिकाउन आदेश जारी गरेको हो।

प्रसाईंका तर्फबाट दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइका क्रममा जिल्ला प्रहरी परिसरले पठाएको लिखित जवाफका आधारमा फाइल झिकाउने आदेश गरेको हो।

यसअघि माघ २३ मा पनि पक्राउ परेका प्रसाईं हाजिर जमानीमा छुटेका थिए। त्यसबेला निर्वाचनबारे उनले बोलेका कुरालाई



प्रहरीको साइबर ब्यूरोले अनुसन्धानको 'आधार' बनाएर बयान लिएर छाडेको थियो।

प्रसाईंले फागुन २१ मा हुन लागेको निर्वाचन विथोल्ने अभियान सुरु गर्न लागेको आशंका प्रहरीले उनलाई पटक पटक पक्राउ गर्दै आएको छ। माघ ५ मा पनि पोखराबाट पक्राउ परेका प्रसाईंसँग प्रहरीले बयान लिएर छाडेको थियो।

## जनप्रतिनिधिलाई...........




सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षले निर्वाचन आचारसंहिताको पूर्ण पालनाको विषयमा आयोगले अनुगमन गरिरहेको जनाएको छ। स्थानीय तहका केही जनप्रतिनिधि निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसारमा सहभागी भएको भनी उजुरी तथा गुनासो प्राप्त भएकामा आयोगको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ।

निर्वाचन आचारसंहितामा रहेको व्यवस्थाअनुसार, स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारमासंलग्न हुनसक्ने भएपनि सरकारी स्रोत र साधनको प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था छ।निर्वाचन आचारसंहिता प्रतिकूल हुने गरी स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन आयोगले सचेत गराएको छ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४